# देवकोटा सन्देश

महाकवि देवकोटा क्याम्पस, सुनवल, नवलपरासी

वर्ष १ अंक २ २०७२ श्रावण अर्धवार्षिक बुलेटिन



## सम्पादन समिति

**संरक्षक**
कृष्णप्रसाद लामिछाने
(अध्यक्ष क्याम्पस संचालक समिति)

**सल्लाहकार**
बैजनाथ चौधरी
विष्णुप्रसाद पौडेल
अर्जुनकुमार पोखरेल
उमानाथ पोखरेल
ठाकुरप्रसाद घिमिरे
बोधराज घिमिरे
भिमबहादुर थापा
अनिलकुमार बस्नेत
(क्यामपस प्रमुख)

**सम्पादक**
हरिदत्त शर्मा

**सह-सम्पादक**
नारायणप्रसाद ढकाल

**प्रकाशक**
महाकवि देवकोटा क्याम्पस
सुनवल-४, नवलपरासी
फोन: ०७८-५७००४९



**पत्राचार ठेगाना**
महाकवि देवकोटा क्याम्पस
सुनवल-४, नवलपरासी
फोन: ०७८-५७००४९, ६९१०४६
*Email:*mdc60_edu@yahoo.com


## परीक्षा अभिमुखीकरण कार्यक्रम सम्पन्न




महाकवि देवकोटा क्याम्पस सुनवल अर्न्तगतको Student Support And Guidance Cell को आयोजनामा मिति २०७१/११/१० गते एकदिने शिक्षक अनुमति पत्र परीक्षा तयारी सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। सहायक जिल्ला शिक्षा अधिकारी तोयानाथ लम्सालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रमको अध्यक्षता यसै क्याम्पसका संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेले गर्नुभएको थियो। क्याम्पसको सभाहलमा सम्पन्न उक्त कार्यक्रममा सुनवल नगरपालिकाका कार्यकारी अधिकृत दिपेन्द्र रेग्मीको विशेष आतिथ्य रहेको थियो। क्याम्पसमा अध्ययनरत करिब ४० जना विद्यार्थीहरुको सहभागिता रहेको सो कार्यक्रममा प्रमुख अतिथि तथा प्रशिक्षक लम्सालले अनुमति पत्र परीक्षामा सहभागी हुँदा के-कस्ता कुरामा ध्यान दिनुपर्छ भन्ने बारेमा स्पष्ट पार्नुभएको थियो। उप प्राध्यापक सूर्यप्रसाद ढकालले संचालन गर्नुभएको सो कार्यक्रममा विशेष अतिथि रेग्मीले आफूले यस्ता परीक्षा सहभागी हुँदा कुनै किसिमको सहयोग नपाएको र अहिलेका विद्यार्थीले समय अनुसारको शिक्षा तथा तालिम पाएको बताउनुभयो। सभाध्यक्ष लामिछानेले अब विद्यार्थीहरुले शिक्षक अनुमति पत्रको परीक्षामा राम्रो प्रस्तुतीकरण गर्ने विश्वास व्यक्त गर्नुभयो। उक्त कार्यक्रममा क्याम्पस प्रमुख अनिल कुमार बस्नेत, सहायक क्याम्पस प्रमुख शिवप्रसाद नेपाल, महाकवि देवकोटा उच्च मा.वि. का प्राचार्य बाबुराम पाण्डे लगायतले मन्तव्य राख्नुभएको थियो।

## स्वास्थ्य परीक्षण शिविर सम्पन्न

महाकवि देवकोटा क्याम्पस सुनवलको आयोजनामा मिति २०७१/१२/१० गते यसै क्याम्पसमा एक दिने निशुल्क स्वास्थ्य परीक्षण शिविर सम्पन्न भएको छ । देवदह मेडिकल कलेजका विभिन्न रोगका विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा संचालन भएको उक्त शिविरमा २०० भन्दा बढी सर्वसाधारणले आफ्नो स्वास्थ्य परीक्षण



गरी आवश्यक औषधी समेत प्राप्त गरेका थिए । क्याम्पसको सेवा क्षेत्र भित्रका सर्वसाधारणलाई स्वास्थ्य सुविधा दिने उद्देश्यले संचालन भएको उक्त शिविर निकै महत्वपूर्ण रहेको क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेले बताउनु भयो ।

□□□

## रेडियो उद्घोषण तथा पत्रकारिता तालिम

यस महाकवि देवकोटा क्याम्पसमा सञ्चालित १० दिने रेडियो उद्घोषण तथा रेडियो पत्रकारिता तालिम मिति २०७१/१२/२६ गते सम्पन्न भएको छ । युवाहरुको नेतृत्व र व्यक्तित्व विकास गर्ने उद्देश्यले उद्घोषक संघ नेपाल र महाकवि देवकोटा क्याम्पसको संयुक्त आयोजनामा चैत्र १७ गतेबाट सञ्चालित तालिमको एक समारोहका बिच समापन गरिएको हो । क्याम्पसमा अध्ययनरत करिब एक सय विद्यार्थीको सहभागिता रहेको तालिममा उद्घोषक संघ नेपालका अध्यक्ष युवराज श्रेष्ठ र पदम भण्डारीले प्रशिक्षण दिएको क्याम्पसका सार्वजनिक सूचना विभाग प्रमुख हरिदत्त शर्माले जानकारी दिनुभयो । क्याम्पस सञ्चालक समितिका अध्यक्षता कृष्णप्रसाद लामिछानेको अध्यक्षतामा भएको समापन समारोहमा



बोल्दै प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनालीले देश निर्माणका आधार स्तम्भ युवाहरु भएकाले अबका युवाहरुले जुनसुकै क्षेत्रमा पनि नेतृत्व गर्न सक्ने खुबि राख्नुपर्ने भन्दै सिकेका कुरा व्यवहारमा पनि प्रयोग गर्न आग्रह गर्नुभयो । यस्तै सुनवल नगरपालिका प्रमुख एवम् कार्यकारी अधिकृत दिपेन्द्र रेग्मीले प्राप्त गरिएको प्रमाण पत्र देखाउनको लागि नभई काम गर्ने हतियार भएकाले अवसरबाट पछि नहट्न आग्रह गर्नुभयो । सो अवसरमा क्याम्पस सञ्चालक समितिका निवर्तमान अध्यक्ष विष्णुप्रसाद पौडेल, क्याम्पस सञ्चालक समितिका सदस्य गोपी ज्ञवाली, नेपाल रेडक्रस सोसाईटी सुनवल उपशाखाका सभापति गोपालप्रसाद शर्मा, क्याम्पस प्रमुख अनिलकुमार बस्नेत, प्रशिक्षार्थीहरु अमृता गैरे र यम मगर लगाएतले पनि आ-आफ्नो धारणा राख्नुभएको थियो । समापनको अवसरमा समयमै संविधान लेखनमा सहयोग पुगोस भनि आमन्त्रीत व्यक्तिहरुलाई कलम उपहार प्रदान गरिएको थियो भने तालिम सहभागि मध्येबाट उत्कृष्ट दुई जनालाई पुरस्कृत गरिएको क्याम्पसका सार्वजनिक सूचना विभाग प्रमुख शर्माले बताउनुभयो ।

□□□



## Q.A.A. भ्रमण सम्पन्न

महाकवि देवकोटा क्याम्पस सुनवलको आयोजनामा मिति २०७१/१२/२९ गते यसै क्याम्पसका संचालक समिति, प्राध्यापक एवम् कर्मचारीहरुको संयुक्त भ्रमण सम्पन्न भएको छ । Q.A.A प्राप्त लुम्बिनी वाणिज्य क्याम्पस को उक्त अवलोकन भ्रमणमा संचालक समितिका अध्यक्ष, सदस्यहरु, क्याम्पस प्रमुख, प्राध्यापक लगायत २१ जनाको सहभागिता रहेको थियो । Q.A.A. सम्बन्धि जानकारी प्राप्त गर्ने उद्देश्यले सो भ्रमणको आयोजना गरिएको थियो । क्याम्पसले Q.A.A. प्राप्त गर्न यस्ता भ्रमण निकै उपयोगी सिद्ध हुने विचार सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेले बताउनुभयो । क्याम्पस प्रमुख अनिल कुमार बस्नेतले वर्तमान परिवेशमा विद्यार्थीहरुलाई विश्व स्तरको सुविधा दिनको लागि Q.A.A. प्राप्त गर्नै पर्ने र उक्त कार्यको लागि क्याम्पस निरन्तर रुपमा प्रयासरत रहेको जानकारी दिनुभयो ।

□□□

## शुभकामना आदान प्रदान तथा सांस्कृतिक कार्यक्रम सम्पन्न

महाकवि देवकोटा क्याम्पस सुनवलको आयोजनामा मिति २०७१/१२/३० गते नयाँ वर्ष २०७२ को पूर्व सन्ध्यामा शुभकामना आदान प्रदान तथा नृत्य प्रतियोगिता सम्पन्न भएको छ। Devkota Dance competition season I[st] नाम राखिएको उक्त प्रतियोगितात्मक कार्यक्रम यसै क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षतामा तथा क्याम्पस संचालक समितिका निवर्तमान अध्यक्ष विष्णुप्रसाद पौडेलको विशेष आतिथ्यमा संचालन भएको थियो। उक्त प्रतियोगितामा १० वटा समूहको सहभागिता रहेको थियो। तीन जनाको मूल्याङ्कन समिति रहेको उक्त कार्यक्रम उपस्थित सम्पूर्ण महानुभावहरुलाई मनोरञ्जन दिने र शुभकामना आदान प्रदान गर्ने उद्देश्यले संचालन भएको थियो। सो अवसरमा बोल्दै निवर्तमान अध्यक्ष पौडेलले यस्ता प्रतियोगिताले हाम्रो कला संस्कृतिको रक्षा गर्नका साथै विद्यार्थीहरुको आन्तरिक प्रतिभा समेत प्रस्फुटन हुने बताउनु भयो। सो कार्यक्रममा क्याम्पस प्रमुख अनिल कुमार बस्नेत, सहायक क्याम्पस प्रमुख शिवप्रसाद नेपाल लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो। निर्णायक मण्डलका संयोजक श्री हरिदत्त शर्माले निर्णय प्रस्तुत गर्दै विद्यार्थीहरुले निकै राम्रो प्रस्तुती गरेको विचार राख्नुभयो। उक्त प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय साथै सान्त्वना स्थान प्राप्त सफल भाइ बहिनीहरुलाई पुरस्कार वितरण गरिएको थियो। उक्त कार्यक्रममा माया खन्गाह मगरको विदेश नजाऊ भन्ने सन्देश बोकेको नृत्यले प्रथम स्थान प्राप्त गरेको थियो साथै उपस्थित सम्पूर्ण महानुभावहरुलाई स्तब्ध समेत बनाएको थियो। सो प्रतियोगितामा समापन मन्तव्य व्यक्त गर्दै अध्यक्ष लामिछानेले नृत्य प्रस्तुत गर्दा आफ्नो कला संस्कृतिलाई पनि ध्यान दिनुपर्ने विचार राख्दै उपस्थित सम्पूर्ण महानुभावहरुमा शुभकामना समेत व्यक्त गर्नुभयो।



□□□

## लेखा विषयको पुनर्ताजगी तालिम सम्पन्न

महाकवि देवकोटा क्याम्पस र विश्व विद्यालय अनुदान आयोगको संयुक्त आयोजनामा यसै क्याम्पसमा मिति २०७२/२/२१ देखि २३सम्म तीन दिने लेखा विषयको पुनर्ताजगी तालिम सम्पन्न भएको छ। क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षतामा संचालनमा भएको सो तालिममा Standing committee member, Account subject committee of management faculty का डा.जितेन्द्र प्रसाद उपाध्याय प्रमुख प्रशिक्षक रहनुभएको थियो। Account subject committee member faculty of management दिलिप पराजुली तथा चार्टर एकाउटेन्ट प्रेम भूर्तेलले पनि प्रशिक्षण दिनुभएको थियो। निवर्तमान क्याम्पस संचालक समितिका अध्यक्ष विष्णुप्रसाद पौडेलको विशिष्ट आतिथ्य रहेको उक्त तालिममा रुपन्देही र नवलपरासीका जम्मा ३० जना प्राध्यापकहरुको सहभागिता रहेको थियो। सहभागी क्याम्पसका तर्फबाट राममणी बहुमुखी क्याम्पसका प्राध्यापक प्रकाश भट्टराईले तालिमले लेखा विषय सम्बन्धि नयाँ ज्ञान दिएको जानकारी दिँदै तालिम निकै फलदायी भएको बताउनु भयो। प्रमुख प्रशिक्षक डा. उपाध्यायले सम्पूर्ण प्राध्यापक हरुलाई धन्यवाद दिँदै क्याम्पसले यस्तो कार्यक्रम गरेकोमा प्रशंसा समेत गर्नुभएको थियो।



□□□

## स्वागत एवम् बिदाइ कार्यक्रम सम्पन्न




महाकवि देवकोटा क्याम्पस सुनवलको आयोजनामा मिति २०७२/२/१ गते यस क्याम्पसमा स्वागत एवम् बिदाइ कार्यक्रम सम्पन्न भएको छ । स्नातक तह दोस्रो वर्षका विद्यार्थीहरुले स्नातक तह प्रथम वर्षका विद्यार्थीहरुलाई स्वागत र स्नातक तह प्रथम र द्वितीय वर्षका विद्यार्थीहरु द्वारा तृतीय वर्षका विद्यार्थीहरुलाई गरिएको बिदाइ कार्यक्रम विद्यार्थी स्वयमले नै आयोजना गरेका थिए। क्याम्पस प्राङ्गणमा संचालन भएको उक्त कार्यक्रमको अध्यक्षता बी.बी.एस दोस्रो वर्षमा अध्ययनरत विद्यार्थी बसन्त सापकोटाले गर्नुभएको थियो । क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको प्रमुख आतिथ्यमा संचालन भएको सो कार्यक्रममा १५० जना भन्दा बढी विद्यार्थीहरुको सहभागिता रहेको थियो । सो अवसरमा बोल्दै क्याम्पस प्रमुख अनिल कुमार बस्नेतले स्वागत विदाई विद्यार्थीहरुकै सक्रियतामा भैरहेको भन्दै यसै गरी प्रत्येक कार्यमा सक्रिय रहन विद्यार्थीलाई आग्रह गर्नुभयो । उप प्राध्यापक दधिराम पौडेलले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको सो कार्यक्रममा प्रमुख अतिथि संचालक समितिका अध्यक्ष लामिछानेले स्वागत तथा बिदाइ कार्यक्रम निरन्तर रुपमा संचालन गर्नुपर्ने र यस्ता कार्यक्रमले विद्यार्थी भाइबहिनीलाई संस्कारी बनाउने कुरामा जोड दिनुभयो समापन मन्तव्य व्यक्त गर्दै सभाध्यक्ष सापकोटाले हामी विद्यार्थीहरुले यस्ता काम निरन्तरता दिनुपर्ने बताउँदै नव आगन्तुक विद्यार्थीहरुलाई स्वागत गर्नुभएको थियो । □□□

## छात्रवृत्ति वितरण समारोह सम्पन्न



महाकवि देवकोटा क्याम्पस सुनवलको आयोजनामा मिति २०७२/२/१४ गते नेपाल रेडक्रस सोसाइटी सुनवल शाखाको सभाहलमा गरिब तथा जेहेन्दार र सिमान्तकृत विद्यार्थीहरुलाई छात्रवृति वितरण गर्ने कार्यक्रम सम्पन्न भएको छ । यस महाकवि देवकोटा क्याम्पस अर्न्तगतको Student support and guidance cell को सक्रियतामा छात्रवृत्ति वितरण समारोह सम्पन्न भएको थियो । क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षता एवम् उद्योग वाणिज्य संघ नवलपरासीका अध्यक्ष भिमबहादुर थापाको प्रमुख आतिथ्यमा सम्पन्न सो समारोहमा गरिब जेहेन्दार साथै सिमान्तकृत दुबै तर्फका जम्मा ३४ जना विद्यार्थीहरुलाई रु.७७२५०/- बराबरको रकम वितरण गरिएको थियो । पढाइ, आर्थिक अवस्था, नियमितता, अनुशासन साथै दलित जनजाति जस्ता कुराहरुको आधारमा छात्रवृत्ति वितरण गरिएको जानकारी Student support and guidance cell का संयोजक सूर्यप्रसाद ढकालले दिनभयो । सो समारोहमा निवर्तमान क्याम्पस संचालक समितिका अध्यक्ष विष्णुप्रसाद पौडेलले छात्रवृत्ति वितरण गरी क्याम्पसले सराहनीय कार्य गरेको बताउनुभयो । क्याम्पसमा अध्ययनरत करिब [illegible]० विद्यार्थी र सहयोगदाताको समेत सहभागिता रहेको सो समारोहमा प्रमुख अतिथि थापाले छात्रवृत्ति रकमले विद्यार्थीहरुको भविष्य निर्माणमा ठूलो योगदान पुऱ्याउने विचार राख्नुभयो । समापन मन्तव्य व्यक्त गर्दै क्याम्पस संचालक समितिका अध्यक्ष लामिछानेले छात्रवृत्तिले विद्यार्थीहरुलाई पढाइ तर्फ आकर्षित गराउने र आगामी वर्षमा विद्यार्थीको नतिजामा समेत सकारात्मक परिवर्तन हुने कुरा उल्लेख गर्नुभयो । □□□